

नमादेवी पण्डित सहिद श्रीमान्ले चाहेको र आफूले जीवनभर सघाएका नेताहरूले ल्याएको नयाँ व्यवस्थाले आम नागरिकको जीवनमा ल्याउने परिवर्तनको प्रतीक्षामा हुनुहुन्छ ।

# क्रान्तिकारीहरूकी आमा : नमादेवी



● गीता चौधरी

मानिस स्वतन्त्र जन्मन्छ, जन्मेपछि अभिभावकको चाहना, सामाजिक परिवेश, साथीहरूको संगत आदिका कारण विचारको जन्म हुन्छ। त्यसपछि त्यही विचारले मानिसलाई आजीवन डोऱ्याउछ। कसैले यश, धनदौलत प्राप्ति हुने बाटो खोज्छन् । कोही भने संघर्षको बाटो मन पराउँछन् । यस्तै संघर्षको बाटो रोज्दै परिवर्तन र क्रान्तिका लागि होमिनुभयो कैलालीकी नमादेवी पण्डित ।

चौध वर्षमै वैवाहिक बन्धनमा बाँधिनु भएकी नमादेवीले परिवारको सम्पूर्ण जिम्मेवारी त बोक्नु भयो नै, राज्य विरुद्धको आन्दोलनमा होमिएका भूमिगत श्रीमान्को श्रीमती भएकै कारण पटकपटक राज्य व्यवस्थाको निशाना हुनुपऱ्यो । यसो हुँदा पनि कत्ति पनि विचलित नभई क्रान्तिकी सहयोद्धा बन्न सक्ने सामर्थ्य नमादेवी जस्ता थोरै नारीहरुले मात्रै राखेका होलान् ।

## नमादेवीको बाल्यकाल

वि.सं.२०१४ सालमा प्युठान जिल्लाको खैरागाउँ मामाघरमा आमा गौरादेवी र बुवा तुलसीराम पाखेरेलको छोरी भएर जन्मिुनभयो, नमोदेवी । बाल्यकाल मामाघरमा बित्यो । बुवासँग बस्न नपाए पनि आमा, मामा, माइजू र मावली बज्यैको सहयोगले दु:खको अनुभुति भएन। मामाघरमै कक्षा आठसम्मको औपचारिक शिक्षा पाएपछि बुवाको घरै नगई कर्म घरतिर लाग्नुभयो । छोरीको चाँडै बिहे गर्ने चलन अनुसार नमादेवी १४ वर्ष हुँदा आफू भन्दा दोब्बर २८ वर्षका खैरागाउँकै भुवनेश्वर पण्डितसँग उहाँको बिहे भयो । मावल (मामाघर) बाटै उहाँको बिहे गराइदिएको सम्भिनुहुन्छ । मामा गुरुप्रसाद पोखेल कम्युनिष्ट पार्टीमा लागेकाले उहाँको विवाह पनि पार्टीकै आस्थावान् व्यक्तिसँग भयो । बिहे भएको दुई वर्षपछि नमादेवी १६ वर्षको हुँदा पहिलो सन्तानका रुपमा छोरी जन्माउनु भएको थियो ।

श्रीमान् कम्युनिष्ट विचारधारामा लागेको र पञ्चायती व्यवस्थाले पार्टीमाथि प्रतिबन्ध लगाएको अवस्थामा कार्यकर्ताहरूबीचको जनसम्पर्क र गतिविधि बाक्लै हुने गर्थ्यो । श्रीमान्लाई भेट्न आएका नेता कार्यकर्तालाई खाना पकाएर खुवाउनु र अन्य व्यवस्थापन गर्ने कुरा नमादेवीको दिनचर्या जस्तै थियो । श्रीमान् (भुवनेश्वर) कम्युनिष्ट पार्टीमा लागेको उहाँका दाजुहरूले मन पराउँदैन थिए । 'गाई खाने' शिक्षातिर लागेको भनी संस्कृत पढन दबाव दिन्थे तर नमादेवीका श्रीमान् भुवनेश्वर पण्डितको लगाव र अडान भने कम्युनिष्ट राजनीति गरेर समाज परिवर्तन गर्नेप्रति थियो । विद्यार्थी जीवनमै पार्टीमा

लागेकोले भुवनेश्वर पण्डितले कैयौं पटक पक्राउ, यातना र सजाय समेत भोग्नु परेको थियो ।

पण्डित परिवार वि.सं. २०३२ सालमा प्यूठानबाट बर्दिया जिल्लाको मानपुर टपरा (हाल राजापुर नगरपालिकामा) मा बसाईं सरेर आयो । बर्दियामा आएपछि वि.स.२०३४ सालमा उहाँको दोस्रो सन्तानका रुपमा छोरा जन्मियो । बर्दिया आएपछि पार्टीका नेताहरू निर्मल लामा, चित्रबहादुर केसी, भक्तबहादुर श्रेष्ठ, नरबहादुर कर्माचार्य लगायतका नेताहरूको बर्दियास्थित पण्डितका घरमा आवतजावत निरन्तर थियो । बर्दिया पुगे पनि नियमित जस्तो मध्य रातमा भए पनि पार्टीका नेतालाई खुवाउने, बसोबासको बन्दोबस्त मिलाउनु पर्थ्यो । आफूसँग भएकोले नपुगेपछि परालको ओछ्यान लगाएर पनि सुताएको उहाँ स्मरण गर्नुहुन्छ ।

जनावर तथा पशुहरूले खेतीबालीमा नोक्सान पुऱ्याउन थालेपछि पण्डित परिवार वि.स.२०३५ सालतिर कैलालीको मुनुवा (हाल जानकी गाउँपालिका वडा नं. ७) मोतीपुर बसाइ सऱ्यो । कैलाली आए लगत्तै नेपाल कम्युनिष्ट पार्टी (मसाल) फुटेर मोहन विक्रम सिंह र मोहन बैद्य समूह तयार भए । पार्टी फुटेपछि श्रीमान् भुवनेश्वर मुनुवामा फेन्सी पसल खोलेर बस्नु भयो । पार्टी फुटले दुखित पण्डित परिवार छ/सात वर्ष राजनीतिक रुपमा तटस्थ रह्यो । तटस्थ भए पनि नेताहरू भने पण्डितको घरमा आउन छोडेनन् । मोहन बैद्यलगायतको नेताको दबावमा पण्डित फेरि पार्टीमा सक्रिय भएर काम गर्न थाल्नु भयो । मुनुवाबाट पसल पनि टीकापुर बजारमा सार्नुभयो ।

## नमादेवीको राजनीतिक यात्रा

श्रीमान् पार्टीमा सक्रिय, त्यसैको प्रभावले नमादेवीको पनि राजनीतिप्रति चासो थियो । वि.स.२०३८ सालमा पार्टीको साधारण सदस्यता पाउनुभयो । उहाँ सानो बच्चा (कान्छो छोरा) लाई काखमा च्यापेर पार्टीको कार्यक्रममा जानु हुन्थ्यो । यसरी श्रीमान् श्रीमती दुवै जना पार्टीको काममा सक्रिय भएर काम गरिरहँदा वि.स.२०५२ सालमा तत्कालीन नेकपा (माओवादी) ले जनयुद्ध शुरु गऱ्यो । जनयुद्ध शुरु भएपछि उहाँहरूको घर पार्टीको 'सम्पर्क घर' बन्यो । उति बेला पनि उहाँको घरमा पम्फा भुसाल, नेत्र विक्रम चन्द (विप्लव), मोहन बैद्य, अग्नीप्रसाद सापकोटा, कृष्णबहादुर महरा लगायतका नेताहरू पटक पटक आएर हप्तौं हप्तासम्म शेल्टर लिएर बस्थे । अरु कार्यकर्ता पनि हुलका हुल आउने जाने गर्थे । यी सबै नेता कार्यकर्तालाई उहाँले खानेबस्ने

व्यवस्था मिलाउनु पर्थ्यो । सबै कार्यकर्ताले उहाँको घरलाई 'आमा घर' भन्थे । नेताकार्यकर्ता बीच उहाँको घर (सेल्टर) आमाघरको रुपमै चिनिन्थ्यो ।

एकान्त शान्त वातावरण भएको ठाउँ भएर होला सायद सबै जना उहाँको घरमा बस्न मन पराउने र रमाउने गर्थे । नमादेवी पनि पाहुनालाई खाना खुवाउन पाउँदा रमाउनु हुन्थ्यो । नमादेवीले खोज्न प्रहरी आएका बेला भागेका भूमिगत कार्यकर्ताले प्लास्टिक (पोलिथिन) र जर्किनमा छोडेर गएको दिसापिसाब समेत फाल्नु पर्थ्यो । यसो हुँदा पनि उहाँमा कहिल्यै नकरात्मक भावना आएन । बरु घरमा आएका पार्टी नेता कार्यकर्तालाई सहयोग गर्नुपर्छ, लुकाउनुपर्छ र संरक्षण गर्नैपर्छ भन्ने जिम्मेवारी बोध हुन्थ्यो । सबैलाई आफ्नो घरमा खुवाउन र बसाउन पाउँदा खुशी लागेको बताउनुहुन्छ । पाहुनाले खाएर सकिदैन रहेछ । सकिने भए उहिल्यै कंगाल भइन्थ्यो भन्ने लाग्छ नमादेवीलाई ।

घरमा आउने कार्यकर्तालाई खान, बस्नको व्यवस्थापन गर्नु त छँदै थियो, प्रहरीको निगरानी पनि बढ्न थाल्यो । एकपटक श्रीमानलाई पसलबाटै पुलिसले पक्रेर लग्यो र एक हप्तापछि रिहा गऱ्यो । प्रहरीले दिने तनावले वि.सं.२०५५ साल साउन अन्तिम तिर उहाँका श्रीमान् भुवनेश्वर (क. लिङ्कन) पनि भूमिगत हुनुभयो । त्यसपछि कहीं कतै घटना भयो भने घर खानतलासी गर्ने भन्दै मध्यरातमा पनि प्रहरी घरमा आउँथ्यो । त्यसरी प्रहरी आउँदा आफूलाई दुर्व्यवहार नहोस् भनेर उहाँ भने घरबाट बाहिर निस्कनु हुन्थ्यो । त्यो उपाय श्रीमानले सिकाउनु भएको रहेछ । बुवा भूमिगत भएपछि छोराहरूलाई दुःख यातना दिन शुरु भयो । त्यस बखत उहाँका जेठा छोरा सुरेश  नेपागञ्जमा आइ.ए. पढ्दै थिए भने कान्छो छोरा यज्ञमुर्ति कक्षा दशमा अध्ययनरत थिए । छोरी टिकापुर अस्पतालमा काम (इन्टर्न) गर्थिन् । जेठो छोरो घर आएको बेला यी दुवै दाजुभाइलाई पुलिसले पटक पटक समातेर केरकार गऱ्यो । एकपटक त घरबाटै समातेर लगेर सोधुपुछ गर्नुछ भन्दै एकएक हप्तासम्म राख्यो । त्यतिबेला आफू रोएर बसेको बताइरहँदा नमादेवी गम्भीर हुनुभयो । एकातिर श्रीमान् भूमिगत, अर्कोतिर गाउँघरमा ऋण तिर्न, छोराछोरीलाई पढाउन नसकेर भाग्यो भनेर नानाथरी कुरा काट्थे ।

कहीं बन्दुक पड्क्यो कि प्रहरी पण्डितको घरमा पुगिहाल्थ्यो । कम्युनिष्ट विरोधीहरू 'एउटा माओवादी छ सिद्धाउनु पर्छ' भनेर तर्साउँथे । त्यस्ता वचनले बन्दुकको गोली खाएभन्दा बढी लाग्थ्यो । एकातिर घर व्यवहार, अर्कोतिर समाजले कुरा काट्ने, त्यसमा अझ प्रहरी आइरहने । दुःख माथि दुःखका दिन शुरु भए । जेठी छोरी यशोदा आमा र भाइहरूको सहारा बनेका कारण केही

सहज हुन्थ्यो । छोरीले निर्वाह गरेको भूमिका सम्झेर भावुक हुँदै छोरीप्रति गर्व गर्नुहुन्छ नमोदवी ।

## 'श्रीमान्को हत्यापछि घर छोडें'

भूमिगत भैसकेपछि भुवनेश्वर कहिलेकाहीँ मात्र घरमा आउनु हुन्थ्यो । तर वि.स.२०५६ साल पुस ७ गते बर्दियाको नयाँ गाउँको भिडन्तमा प्रहरीको गोली लागेर पण्डितले सहादत प्राप्त गर्नुभयो । ५६ वर्षका पण्डित अर्की एक गर्भवती सहयोद्धालाई बचाउन खोज्दा प्रहरीको निशानामा परेको नमोदेवीलाई जानकारी आयो । श्रीमानको हत्याको खबरपछि घर बस्न सक्नु भएन र भोलिपल्टै घरको ढोका खुल्लै छोडेर, पालेका गाई, भैंसी, बाखा पनि गोठमा त्यत्तिकै छोडेर छोरी लिएर नेपालगञ्ज जानुभयो । घर छोडेर जाँदा उहाँसँग, उहाँको सुन आफ्नो नामबाट बैंकमा धितो राखी छिमेकी बहिनी ईश्वरी श्रेष्ठले ल्याइदिएको, पच्चीस हजार रुपयाँ मात्र थियो ।

नेपालगञ्ज छोराको डेरामा पुगेपछि आमा र दिदीलाई देखेर छोरा मुस्कुराएको, आफूले छोरालाई 'छोरा, तिम्रो बाबालाई गुमाएर आएकी छु' भन्नुपर्दाको पीडा र त्यसपछि आमा छोरा, छोरी सबैको सँगै रुवाबासी, नमादेवीका लागि अत्यन्त दुखद क्षण थियो । पतिको मृत शरीर समेत देख्न नपाएको पीडाले उहाँलाई अहिले पनि पोलिरहन्छ ।

राजनीतिक परिवारमा जन्मिएकै कारण र समाज परिवर्तनका लागि केही गर्नुपर्छ भन्ने सोचका कारण जीवनभर राज्यसँगै लुकामारीको जीवन गुजार्नु भएकी नमादेवीको श्रीमान्को सहादतपछि जीवनको अर्को अध्याय शुरु गर्नु पर्‍यो । नेपालगञ्ज छोराको डेरामा बस्न थालेपछि छोराहरूलाई कसरी पढाउने भन्ने समस्या एक्लैको जिम्मेवारीमा आयो । आर्थिक स्रोतको बाटो केही थिएन । आफूसँग भएको पच्चीस हजार रुपयाँमा नमादेवीले तीनवटा रिक्सा खरिद गर्नुभयो । प्रतिदिन प्रतिरिक्सा तीस रुपैयाँ भाडा पाउने गरी रिक्सा भाडामा दिन थाल्नुभयो । रिक्सा भाडाबाट आएको रकमले कोठा भाडा र छोराहरूको पढाई खर्च जोहो गर्न केही सजिलो भयो । यता गाउँमा रहेको खेतबारीको अन्न छिमेकी बहिनी इश्वरी श्रेष्ठ र बहिनी ज्वाई प्रेमलाल श्रेष्ठले कुटानी पिसानी गरेर पठाइदिने गर्नुहुन्थ्यो । त्यति मात्र होइन उहाहरुँले नै घरको ढोकामा ताल्चा लगाई गोठमा भएका गाई वस्तुहरु एक/एक गरी बेचेर पैसा पठाइदिनुभयो । पछि माओवादीलाई सहयोग गरेको आरोपमा ती प्रेमलाललाई पनि प्रहरीले

नियन्त्रणमा लियो र हिरासतमा राख्यो । धनगढी हिरासतमा प्रहरीको कुटाइले थला पर्नुभएका श्रेष्ठको अहिले पनि शरीर कमजोर र हातगोडा दुखिरहने नमादेवी सम्भनुहुन्छ । दुःखमा उहाँहरूले लगाएको त्यति ठूलो गुण कहिल्यै तिर्न नसक्ने जस्तो लाग्छ नमादेवीलाई ।

भनिन्छ दुख एक्लै आउँदैन, दुःख पल्किन्छ रे। त्यस्तै भयो नमादेवीको जीवनमा । नेपालगञ्ज बसेको बेला नमादेवीको हात पनि भाँच्चियो । त्यस वेला पार्टी कार्यकर्ताले दुई हजार रुपैयाँ सहयोग गरेको पनि नमादेवीलाई ठूलो सहयोग भयो । नेपालगन्ज बस्दा पनि पार्टी कार्यकर्ताहरु सम्पर्कमा आइरहन्थे ।

नेपालगञ्जमा डेराको बसाई, गाउँबाट सहयोग टुटेपछि खर्च चलाउनै मुस्किल भयो । एक वर्षपछि भाँचिएको हात सञ्चो भए पछि उहाँ एक्लै गाउँ फर्किनु भयो । गाउँ फर्केपछि फेरि लडेर खुट्टा भाँचियो । यस अवधिमा पार्टीकै नेता खडक शाह (सघंर्ष) को सहयोगले कार्यकर्ताहरूले नै खेतबारीको सबै काम गरिदिएको नमादेवी सम्भनुहुन्छ । राज्यको डरले कसैले उहाँको आँगन नटेकेका बेला प्रेमलाल श्रेष्ठ दम्पती नै उहाँको दुःखका साथी हुनुहुन्थ्यो ।

श्रीमानले सहादत प्राप्त गरिसकेपछि पनि नमादेवीले नेता कार्यकर्तालाई सेल्टर दिने, खाना पकाएर खुवाउने र व्यवस्थापन गर्ने कामलाई निरन्तरता दिनुभयो । २०६२/६३ को आन्दोलन सफल भैसकेपछि नमादेवीको घरमा हरिभक्त कँडेल, विप्लव, मोहन वैद्य, कृष्णबहादुर महरालगायतका नेताहरु पुग्नु भएको थियो । त्यो बेलाको पार्टी सरकारमा पुगेको बेला नमादेवीलाई सानोतिनो आश लाग्यो । पढेका छोराछोरीलाई उनीहरूले गर्न सक्ने र मिल्ने ठाउँमा जागिर लगाइदिए हुन्थ्यो भन्ने आस आर्थिक स्रोत नभएका कारण लाग्यो । तर मुख खोलेरै भने पनि सफल नभएपछि भन् तनाव भयो उहाँलाई । हिजोआज छोरा, छोरी, छोराबुहारी आआफ्नै काममा छन् । हाल एक्लै बसिरहनु भएकी नमादेवी सकुञ्जेल आफैं गरेर खाने अठोटमा हुनुहुन्छ ।

जीवनभर राजनीतिमा लागेका कमरेड भुवनेश्वरले क्रान्ति सफल भएको देख्न नपाई सहादत प्राप्त गर्नुभयो । तर बाल्ककालमा हुर्केको मावली घरदेखि नै राजनीतिप्रति प्रभावित भएर सहयोग गरिरहेकी कमरेड लिंकनकी सहयोद्धा नमादेवी श्रीमान्ले चाहेको र आफूले जीवनभर सघाएका नेताहरूले ल्याएको नयाँ व्यवस्थाले आम नागरिकको जीवनमा ल्याउने परिवर्तनको प्रतीक्षामा हुनुहुन्छ । ●